# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८३ साल बैशाख ०८ गते मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** आ.व.२०८२/८३ को चौथो त्रैमासिकका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** मन्त्रालयहरूमा प्रदेश सचिव तथा केही निकायहरुका प्रमुख रिक्त पदमा जिम्मेवारी तोक्ने ।

३. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालय:** प्राइभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७६ र साझेदारी (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृति गर्ने ।

४. **सामाजिक विकास मन्त्रालय:** थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा सम्बर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. लुम्बिनी प्रदेश सभाको चालु सातौं अधिवेशन संवत् २०८३ साल बैशाख १० गते विहिवार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।

६. लुम्बिनी प्रदेश सभाको आठौं अधिवेशन सम्वत् २०८३ बैशाख १७ गते विहिवार दिउसो १:०० बजे प्रदेश सभा भवन, राप्ती उपत्यका (देउखुरी) मा आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।

७. वन तथा वातावरण मन्त्रालयको **दर्ता भएका निजी वनबाट साल प्रजातिको रुख (कटान,उपयोग, ओसालपसार, बिक्री वितरण तथा नियमन) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२** सम्बन्धमा संघीय कानून र अन्य प्रदेशको कानुनी व्यवस्था समेत अध्ययन गरी प्रस्तावित व्यवस्थाका सम्बन्धमा थप स्पष्ट हुने गरी आवश्यक संशोधन/परिमार्जन सहित पुनः पेश गर्ने।